# भरतपुर उप-महानगरपालिका

भरतपुर, चितवन

## भरतपुर उप-महानगरपालिकाको विशेष नगरपरिषद्मा
## प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालको तर्फबाट प्रस्तुत वक्तव्य

**२४ भाद्र २०७२**

## भरतपुर उप-महानगरपालिकाको विशेष नगरपरिषद्मा प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालको तर्फबाट प्रस्तुत

## वक्तव्य

भरतपुर उपमहानगरपालिकाको यस सम्मानित विशेष नगर परिषद्मा पाल्नुहुने विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारीज्यू, राजनैतिक दलका जिल्ला तथा नगर प्रमुखज्यूहरु, स्थानीय विकास अधिकारीज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरु, छिमेकी नगरपालिकाका कार्यकारी अधिकृत ज्यूहरु, नगर विकास समितिका अध्यक्षज्यू, उद्योग वाणिज्य संघ लगायत निजी क्षेत्रलाई प्रतिनिधित्व गर्ने संस्थाका पदाधिकारीहरु, विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, संचारकर्मीहरु, सामाजिक व्यक्तित्वहरु, कर्मचारी मित्रहरु तथा यस कार्यक्रममा उपस्थित महानुभावहरुमा यस भरतपुर उपमहानगरपालिकको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट यस विशेष नगर परिषद्मा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहन्छु ।

सर्वप्रथम २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्पको पृष्ठभूमीमा नेपालका शहरहरुलाई सुरक्षित, आधुनिक, समृद्ध र वातावरणमैत्री बनाउने उद्देश्यले नेपाल सरकारले जारी गरेको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लाई कार्यान्वयन गर्ने प्रयोजनको लागि आयोजित विशेष नगरपरिषद्ले तर्जूमा गरेका नीति एवं पारित गरेका निर्णयहरु सार्वजनिक गर्न यहाँहरुको बीचमा उभिँदा म प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्रनिर्माण गर्ने संकल्प सहित भएका बलिदानीपूर्ण आन्दोलनहरुमा त्यागका साथ प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै सोही आन्दोलनका घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

'व्यवस्थित उद्यमशील सहर' बन्ने लक्ष्य लिएको, नेपालका शहरहरु मध्ये असीम संभावनाले युक्त, नेपालकै केन्द्रमा अवस्थित, हालै नगरपालिकाबाट उप-महानगरपालिकामा स्तरोन्नति भएको भरतपुर उपमहानगरपालिकालाई हामी सबैको सहकार्यमा नै सुरक्षित, आधुनिक, समृद्ध र व्यवस्थित बनाउन सकिन्छ । अस्पतालजन्य सेवा उद्योगको एउटा केन्द्रको रुपमा अथवा मेडिकल सिटिको रुपमा यसको विकास र प्रवर्धन गर्ने नारा तपाई हामीले नै तय गरेका हौं । नेपालको एकमात्र प्रतिस्ठित कृषि क्याम्पस तथा कृषिको विश्वविद्यालय रहेको यो उपत्यका कृषि उत्पादन तथा त्यसको प्रशोधन गर्ने उद्योग तथा कल कारखानाहरुको केन्द्र बन्न सक्ने संभावना पनि हामी संग जीवन्त नै छ । यसको अलावा, औद्योगिक, व्यापारिक तथा आवाशीय सहरको रुपमा यसको विकास गर्न सकिने असीम संभावनाहरु हाम्रो सामु छन् ।

जनप्रतिनिधिमूलक यस निकायमा आज जनप्रतिनिधि नभएको कारणले कृयाशील राजनीतिक दलहरु संग समन्वय गर्दै प्रमुख कार्यकारी अधिकृतहरुले नीति निर्धारण, योजना तर्जुमा तथा कार्यान्वयन समेत गर्नु पर्ने अहं दायित्व नेपाल सरकारले सुम्पेको अवस्थामा यस उमनपाको प्रमुखको अधिकार प्रयोग गर्दै कार्यकारी अधिकृतको हैसियतले यस सम्मानित नगर परिषद् समक्ष उपस्थित हुन पाउँदा म गौरवान्वित महशूस गरिरहेको छु ।

सहभागिता मुलक योजना तर्जुमा पद्धति अर्न्तगत विकासका आवश्यकता पहिचान देखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समेतका हरेक प्रकृया तथा तहमा सरोकारावाला वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अपनत्व सृजना गर्ने र यसै मार्फत विकास कार्यलाई समावेशी तथा दिगो बनाउने अवधारणा अनुरुप प्रतिनिधिमूलक तथा सरोकारवाला सम्पूर्ण निकायका प्रतिनिधिहरु संगको राय, छलफल, विचार, विमर्श तथा अन्तरकृया समेतमा प्राप्त भएका अमूल्य सुझावहरुलाई समावेश गर्दै

गरिएका विशेष नगरपरिषद्का निर्णयहरु यस उपमहानगरपालिकालाई एउटा निश्चित मापदण्डमा डोहोऱ्याई भविष्यमा नेपालकै सुरक्षित, सुन्दर, हराभरा, खुला तथा समृद्ध भरतपुर बनाउने विषयमा दूरगामी परिणाम दिन सक्षम हुनेछन् भन्ने अटल विश्वास लिएको छु ।

उपस्थित आदरणीय महानुभावहरु, प्रस्तुत पृष्ठभूमीमा, अव म, मिति २०७२ साल भदौ २४ गते आयोजित विशेष नगरपरिषद्ले गरेका निर्णयहरु यहाँहरु समक्ष राख्ने अनुमति चाहन्छु ।

**निर्णयहरु :-**

| क्र. सं. | मार्ग दर्शन २०७२ ले गरेको व्यवस्था | नगरपरिषद्को निर्णय | कैफियत |
|---|---|---|---|
| १. | **८. नयाँ नगरपालिका तथा गाउँ विकास समितिहरुले भवन निर्माण सम्बन्धी नमुना मापदण्डका आधारमा मापदण्ड कार्यन्वयन गर्नु पर्ने :–**<br><br>आफ्नो स्पष्ट मापदण्ड नभएका काठमाण्डौं उपत्यका बाहिरका पुराना नगरपालिकाहरुले यस मापदण्डमा उल्लेख भएको बिषयमा यसै बमोजिम र यसमा उल्लेख नभएकोमा सहरी विकास मन्त्रालयबाट तयार गरिएको भवन निर्माणको नमुना मापदण्ड २०७१ त्था सोही मन्त्रालयबाट स्वीकृत सहरी योजना सम्बन्धी आधारभूत मापदण्ड २०७१ का आधारमा मापदण्ड निर्माण गरी आफ्नो परिषद्बाट स्वीकृत गराई कार्यन्वयनमा ल्याउनु पर्नेछ। | **निर्णय नं. १**<br><br>आधारभूत मार्गदर्शनको बुँदा नं. ८ बमोजिम 'बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मार्ग दर्शन ,२०७२' लाई यस उपमहानगरपालिकाको हकमा नीतिगत रुपमा ग्रहण गर्ने र सोही बमोजिम भरतपुर उपमहानगरपालिकामा हाल विद्यमान 'जग्गा विकास तथा भवन निर्माण मापदण्ड २०६४' लाई सँसोधन गर्ने निर्णय गरियो । तथा माथि उल्लेखित दुबै मार्ग दर्शन र मापदण्डमा उल्लेख नभएका विषयमा 'भवन निर्माणको नमुना मापदण्ड २०७१' बमोजिम हुने गरि पारित गर्ने निर्णय गरियो ।<br><br>परिमार्जित मापदण्ड बमोजिम तत्काल नक्सा दर्ता सुचारु गर्ने तथा वस्ती बिकास तथा शहरी योजनाका कार्यहरु पनि सुचारु गर्ने निर्णय गरियो । विभिन्न विषयवस्तुहरु विभिन्न मापदण्डमा छरिएर रहेको सन्दर्भमा यसलाई एकिकृत गरी आवश्यक सम्पादन / संसोधन मार्फत यस उप-महानगरपालिकाको 'जग्गा विकास तथा भवन निर्माण मापदण्ड, २०६४ (संशोधन सहित)', जारी गर्ने निर्णय गरियो । | |
| २.० | **३.२ राजपत्रांकित द्धितिय श्रेणी कार्यकारी अधिकृत भएका नगरपालिकाहरुमा :**<br>राजपत्रांकित द्धितिय श्रेणीको कार्यकारी अधिकृत भएका नगरपालिकाहरुमा निर्माण मापदण्ड, वस्ती विकास तथा भवन संहिताको कार्यान्वयन र नक्सा पासको प्राविधिक कार्यको निमित्त कम्तीमा भवन विषयमा स्नतककोत्तर गरेको स्ट्रकचरल ईन्जिनियर–१, अर्वान प्लानर/आर्किटेक्ट/सिभिल ईन्जिनियर–१,सिभिल ईन्जिनियरिङ विषयमा प्रमाण पत्र तह हासिल गरेको सव ईन्जिनियर–१ र सम्बन्धित विषयमा प्रमाण पत्र हासिल गरेको | **निर्णय नं. २**<br><br>सोही मार्गदर्शनको बुँदा नं. ३ बमोजिमको आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापनको हकमा यस भरतपुर उपमहानगरपालिकामा तपशील बमोजिमको दरबन्दी श्रृजना गरि अबिलम्ब पदपुर्तिको प्रकृया आरम्भ गर्ने र पदपुर्ति नभएसम्मको लागि बार्षिक सँस्थागत सेवा करारबाट पदपुर्ति गर्ने निर्णय गरियो । साथै भरतपुर नगरपालिका उपमहानगरपालिकामा | |

| | | | |
|---|---|---|---|
| | सर्भेयर–१ गरी कम्तिमा ४ जना दरबन्दि सहितका प्राविधिक जनशक्तिहरु रहनेछन् ।<br>**३.३ महानगरपालिका तथा उपमहानगरपालिकामा Geo-Technical Engineer को दरबन्दी :**<br>महानगरपालिका तथा उपमहानगरपालिकाहरुमा १/१ जना अधिकृत स्तरको Geo-Technical Engineer समेतको दरबन्दी रहनेछ। | स्तरोन्नति भै विस्तार भएको सन्दर्भमा सेवा प्रवाहलाई सहज र सरल बनाउन अबिलम्ब संगठन विकास (ओ.डी.) अध्ययन गरी उक्त प्रतिवेदन अनुसारको संगठन संरचना निर्माण गर्न अबिलम्ब पदपूर्ति प्रकृया अगाडि बढाउने निर्णय गरियो ।<br><br><u>तपशील:–</u><br><br>१) स्ट्रक्चरल ईन्जिनियर–१ (भवन विषयमा स्नातकोत्तर गरेको), अधिकृत स्तर(छैटौं)<br>२) जियो टेक्निकल ईन्जिनियर–१(जियो टेकमा स्नातकोत्तर गरेको ) अधिकृत स्तर (छैटौं)<br>३) अर्वान प्लानर–१ (आर्किटेक्चरमा स्नातक गरी अर्वान प्लानिङमा स्नातकोत्तर गरेको), अधिकृत स्तर(छैटौं)<br>४) सर्भेयर–१ (जियोम्याटिक सर्भेमा डिप्लोमा गरेको), सहायक स्तर(पाँचौं)<br>५) सब–ईन्जिनियर–५ (सिभिल ईन्जिनियरिङमा डिप्लोमा गरेको), सहायक स्तर(पाँचौं)<br>६) अमीन–२(लोकसेवा आयोगले तोके बमोजिम),सहायक स्तर(चौथो) | |
| ३.० | **४.५ नगरपालिकामा सँस्थागत भवन तथा (क) वर्ग एवं दशहजार वर्ग फिट भन्दा बढी क्षेत्रफल भएका भवन निर्माणको अनुमति दिनु अघि सिफारिश आवश्यक पर्ने :–**<br><br>नगरपालिकाहरुले नगरक्षेत्र तथा तोकिएको आसपासको गाँउ विकास समितिमा निर्माण हुने भवन ऐन २०५५ को दफा ८ अनुसारका भवनहरुको नक्सा पास गर्दा कार्यकारी अधिकृत/प्रमुखको संयोजकत्वमा भवन संहिता तथा नक्सा शाखाको प्रमुख, सम्बन्धित विज्ञहरु, जिल्ला प्राविधिक कार्यालयका ईन्जिनियर, शहरी विकास कार्यालयका प्रमुख वा निजले तोकेको ईन्जिनियर प्रतिनिधि, नापी कार्यालयका नापी अधिकृत रहेको समितिको सिफारिसमा मात्र नक्सा पास गर्नु पर्नेछ । तर नगरपालिकाको निर्णयबाट जुनसुकै वर्गका भवनमा प्राविधिक समितिको सिफारिस आवश्यक पर्ने व्यवस्था कायम गर्न सक्नेछ। | **<u>निर्णय नं. ३</u>**<br><br>सोही मार्गदर्शनको बुँदा नं. ४.५ बमोजिम प्राविधिक समिति गठन गर्न उपमहानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।<br>**<u>निर्णय नं. ४</u>**<br><br>सोही मार्गदर्शनको बुँदा नं. ४.५ मा उल्लेख भए बमोजिम उपमहानगरपालिका क्षेत्र भित्र बन्ने सँस्थागत भवन तथा (क) वर्ग एवं दश हजार बर्ग फिट भन्दा बढी क्षेत्रफल भएका भवन निर्माणको हकमा बाहेक हालको निम्ति अन्य प्रकारका भवनहरुको नक्सा स्वीकृतिको लागि प्राविधिक समितिको सिफारिश आवश्यक नपर्ने व्यावस्था गर्ने निर्णय गरियो । | |
| ४.० | **४.७ सँस्थागत भवन तथा (क) वर्ग एवं दशहजार वर्गफिट भन्दा बढी क्षेत्रफल भएका भवन निर्माण** | **<u>निर्णय नं. ५</u>** | |

| | | | |
|---|---|---|---|
| | **अनुमति दिँदा तथा निर्माण सम्पन्न प्रतिवेदन दिँदा तेश्रो पक्ष जाँच** (Third Party Verification) **गर्नुपर्ने :–**<br><br>नगरपालिका तथा गाँउ विकास समितिहरुले सँस्थागत भवन तथा दश हजार वर्गफिट भन्दा बढी एरिया भएका भवनको निर्माण अनुमति दिँदा तथा निर्माण सम्पन्न दिँदा नगरपालिका, गाउँ विकास समिति वा स्वामित्वकर्ताले आवश्यक ठानेमा तेश्रो पक्ष जाँचको व्यवस्था गरी सो समेतको आधारमा भवन निर्माणको अनुमति र निर्माण सम्पन्न प्रतिवेदन दिन सकिने व्यवस्था लागू गर्न सक्नेछन्। राष्ट्रिय तथा अन्तराट्रिय महत्वका जटिल प्रकृतिको भवन संरचनाको डिजाईनमा स्थानीय निकायहरुले Peer Review को व्यवस्था समेत गर्न सक्नेछन् । | सोही मार्गदर्शनको बुँदा नं. ४.७ मा उल्लेख भए बमोजिम उपमहानगरपालिका क्षेत्र भित्र बन्ने सँस्थागत भवन तथा (क) वर्ग एवं दश हजार बर्ग फिट भन्दा बढी क्षेत्रफल भएका भवन निर्माण अनुमति एवं निर्माण सम्पन्न प्रतिवेदन जारीगर्दा तेश्रो पक्ष जाँचको व्यवस्थाको लागि विस्तृत अध्ययन पश्चात आगामी नियमित परिषदमा निर्णयको लागि पेश गर्ने निर्णय गरियो । | |
| ५.० | ९. **भू–उपयोग योजना कार्यन्वयन**<br><br>स्थानिय निकायहरुले भूमिसूधार तथा व्यवस्था मन्त्रालय तथा स्थानीय स्वायत्त शासन ऐनले तोकेको प्रक्रिया पूरा गरी नगर क्षेत्रमा पूर्ण वा आंशिक रुपमा Risks-sensitive भू–उपयोग योजना कार्यन्वयनमा ल्याउन सक्नेछन्। यस प्रयोजनका लागि नगरपालिका गाउँ विकास समितिको परिषदबाट भूमीलाई राष्ट्रिय भू–उपयोग नीति २०६९ का आधारमा बिभाजन गर्नु पर्नेछ। यसरी भू–उपयोग योजना निर्माण भएपछि तोकिएको क्षेत्रमा तोकिएको प्रयोजनको लागि मात्र भवन निर्माण गर्नु पर्नेछ। | <u>**निर्णय नं. ६**</u><br><br>सोही मार्गदर्शनको बुँदा नं. ९ को हकमा भु–उपयोग योजना निर्माण उपमहानगरपालिकाले आवश्यक बजेटको व्यवस्था गरी अध्ययन अगाडि बढाउने निर्णय गरियो । | |
| ६.० | **१०.भवन निर्माणमा बन्देज**<br><br>जोखिम नक्सांकनका आधारमा जिल्ला दैवी प्रकोप उद्धार समितिले बाढी, पैरो, भूक्षय आदि जोखिमका आधारमा जोखिमयुक्त क्षेत्रको पहिचान गरी सो क्षेत्रमा भवन निर्माण गर्न प्रतिबन्ध लगाउन स्थानीय निकायलाई सिफारिस गरेमा उक्त क्षेत्रमा सम्बन्धित स्थानीय निकायले भवन निर्माण गर्ने प्रतिबन्ध लगाउनु पर्नेछ। | <u>**निर्णय नं. ७**</u><br><br>सोही मार्गदर्शनको बुँदा नं. १० को सन्दर्भमा जिल्ला दैवी प्रकोप उद्धार समितिबाट लेखि आएमा सोही बमोजिम गर्ने निर्णय गरियो । | |

| | | | |
|---|---|---|---|
| ७.० | **१२.जग्गा प्लटिंग सम्बन्धी व्यवस्थाहरु :**<br><br>**प्लटिंग** सम्बन्धमा स्थानीय निकायको परिषद्‌ले आवश्यक विनियमावली जारी गरी व्यवस्थित गर्नु पर्नेछ। स्थानीय निकायको परिषद्‌ले यसरी विनियमावली निर्माण गर्दा सहरी विकास मन्त्रालयले निर्धारण गरेको मापदण्ड अनुसार गर्नु पर्नेछ। | **निर्णय नं. ८**<br><br>सोही मार्गदर्शनको बुँदा नं. १२ को सन्दर्भमा प्लटिङ सम्बन्धि विनियामवली तयार गर्ने निर्णय गरियो । विनियमावली तयार नभएसम्म निम्नानुसारका शर्तहरु पालना गरेर मात्रै जग्गा प्लटिङको कार्य अगाडि बढाउने निर्णय गरियो।<br><br>८.१ सँस्थागत तथा व्यक्तिगत रुपमा आवेदन लिई वस्ती/जग्गा विकासको अनुमति लिनु पर्ने ।<br><br>८.२ वस्ती/जग्गा विकास गरिने जग्गाको कि.नं. र क्षे.फ. खोली पूर्व स्वीकृति लिनु पर्ने ।<br><br>८.३ वस्ती विकास योजना तयार भए पछि सम्पूर्ण नक्सा तयार गरी पूरै कित्ता काट गरेर उपमहानगरपालिका, सम्बन्धित वडा कार्यालय, नापी तथा मालपोत कार्यालयमा विवरण पेश गर्नु पर्ने ।<br><br>८.४ बाटो तथा अन्य पूर्वाधारको हकमा आधारभूत मार्गदर्शन २०७२ बमोजिम हुनु पर्ने ।<br><br>८.५ सडक, बत्ति, पानी तथा ढलको व्यवस्था स्वयंले गर्नु पर्ने ।<br><br>८.६ वस्ती/जग्गा विकास गर्ने सम्बन्धमा 'जग्गा विकास तथा भवन निर्माण मापदण्ड २०६४' ले तोके बमोजिमको खुल्ला क्षेत्र एवं अन्य प्रावधान यथावत कायम गर्ने ।<br><br>८.७ वस्ती/जग्गा विकासको पूर्व स्वीकृति दस्तुर वस्ती विकास गर्ने सम्पूर्ण जग्गाको लागि जिल्ला मालपोत कार्यालयले तोकेको न्यूनतम मूल्यांकनको १ (एक) प्रतिशत कायम गर्ने । र यसको समिक्षा आगामी नगर परिषदबाट गरी पुनरावलोकन गर्ने ।<br><br>८.८ वस्ती/जग्गा विकासको लागि पूर्वाधार निर्माण गर्ने अधिकतम् समय अवधि २ (दुई) वर्षको हुने र सो अवधिमा कार्यसम्पन्न हुन नसकेमा पुन: म्याद थप गर्न सकिने । | |

| | | | |
|---|---|---|---|
| | | ८.९ पूर्व स्वीकृति लिएको जग्गामा वस्ती विकास योजना तर्जुमा गरी उपमहानगरपालिका, नापी कार्यालय तथा मालपोत कार्यालयमा विवरण पेश नगरेसम्म विकसित घडेरी बिक्रीको लागि सिफारिस दिईनेछैन । | |
| ८.० | **१४.२** स्थानीय निकायहरुले भवन निर्माण अनुमति दिंदा वा भवन निर्माण सम्पन्न प्रतिवेदन दिंदा नेपाल सरकारबाट स्वीकृत वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७० मा गाउँ विकास समिति तथा नगरक्षेत्रका घर परिवार तहको आधारभूत तथा विकसित सूचकहरु पूरा गर्नु पर्ने शर्तहरु समावेश गर्न बाधा पुग्ने छैन। | **निर्णय नं. ९**<br>सोही मार्गदर्शनको बुँदा नं. १४.२ को हकमा भवन निर्माण अनुमति एवं निर्माण सम्पन्न प्रमाणपत्रको लागि 'वातावरणमैत्री स्थानिय शासनको प्रारुप २०७०' को शर्तहरु पुरा गर्नु पर्ने व्यवस्थाको लागि आगामी नगरपरिषद्मा पेश गर्ने निर्णय गरियो । | |
| | **१४.२३** नगरपालिका तथा गाउँ विकास समितिहरुले आफ्नो परिषद्को निर्णयबाट निश्चित टोल वा वडामा भवन संहिता तथा यस मापदण्डको परिधिभित्र रही तोकिएको रंग र डिजाईन, ढाँचा, तल्ला र आकारका भवनहरु मात्र निर्माण गर्नु पर्ने मापदण्ड निर्माण गरी एकरुपता कायम गर्न सक्नेछन्। | **निर्णय नं. १०**<br>सोही मार्गदर्शनको बुँदा नं. १४.२३ को सन्दर्भमा सम्बन्धीत वडा कार्यालयबाट अनुरोध भै आएमा अध्ययन गरि कार्यान्वयन गर्ने निर्णय गरियो । | |

| | | |
|---|---|---|
| | **अन्य निर्णयहरु :** | **निर्णय नं. ११**<br>न्युनतम सेट व्याक सबै क्षेत्रमा १.५ मीटर कायम गर्ने निर्णय गरियो । |
| | | **निर्णय नं. १२**<br>हाल फिल्डमा बाटो कायम भएका तर नापी नक्सामा नदेखिएका बाटोहरुलाई लगत कट्टाको लागि नापी कार्यालय एवं मालपोत कार्यालय संग समन्वय गरि अभियानको रुपमा लैजाने निर्णय गरियो । |
| | | **निर्णय नं. १३**<br>१०,०००.०० व.फी. भन्दा धेरै प्लिन्थ क्षेत्रफल भएका व्यापारिक एवं व्यावासायिक भवनको लागि मात्र वरिपरिको खुल्ला भाग न्युनतम ५.० मी. हुने निर्णय गरियो । |

| | | |
|---|---|---|
| | | **निर्णय नं. १४**<br><br>**विविध**<br><br>१४.१ प्रस्तुत मापदण्ड आकर्षित हुने सम्पूर्ण सरकारी, गैर सरकारी तथा अन्य कार्यालयहरुलाई यस मापदण्डको पालना गर्न पत्राचार  र सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो।<br><br>१४.२ मापदण्ड बमोजिम सुचिकृत ईन्जिनियर, सव ईन्जिनियर तथा निर्माणकर्मी (पेटी ठेकदार) हरुको सूची संशोधन , अध्यावधिक जे जो गर्नु पर्ने हो, गर्ने निर्णय गरियो।<br><br>१४.३ नक्सा डिजाईन गर्दा संलग्न हुने ईन्जिनियरहरुको हकमा Code Of Conduct जारी गर्न सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो।<br><br>१४.४ विस्तारित वडाहरुमा साविकमा बनेका तर मापदण्ड नपुगेका घरहरुको विषयमा एउटै निर्णय लागू गर्नु न्यायोचित नहुने हुँदा यसलाई वर्गीकरण गरी कार्यान्वयन गर्ने निर्देशन पाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।<br><br>१४.५ परिवर्तित मापदण्डले सृजना गर्ने चालु तथा पूँजिगत खर्चको दायित्वलाई आगामी नगरपरिषद्बाट अनुमोदन गराउने निर्णय गरियो ।<br><br>१४.६ साविकमा ६.०मीटर नभएका बाटाहरुलाई ६.० मीटर कायम गराउन अधिकतम् पहल गर्ने निर्णय गरियो ।<br><br>१४.७ अग्ला पर्खालहरु भत्काउने/पुनः निर्माण गराउन लगाउने अभियान संचालन गर्ने निर्णय गरियो ।<br><br>१४.८ मापदण्ड सम्बन्धी केही प्राविधिक पक्षहरु यसै साथ संलग्न तालिकामा समावेश गरिएको छ । |

**तािलिका :-**

**२०६४ को मापदण्ड, २०७१ को नमूना मापदण्ड , २०७२ को मार्गदर्शनको तुलना र संसोधित विवरण**

| क्र. सं. | विवरण | २०६४ को मापदण्ड | २०७२ को मार्गदर्शन | संसोधित |
|---|---|---|---|---|
| १. | सेट व्याक आवाशिय भवन | ३.० मीटर<br><br>(टप,पेटी राख्न पाउने गरी) | न्यूनतम १.५ मीटर | न्यूनतम् १.५ मीटर<br><br>(कुनै संरचना निर्माण गर्न नपाउने गरी ) |

| | | | | |
|---|---|---|---|---|
| २. | सेट व्याक व्यापारिक भवन | ५.० मीटर | ५.० मीटर | ५.० मीटर १००००.०० ब.फी. भन्दा ठूला व्यापारिक भवनको लागि |
| | सेट व्याक व्यापारिक भवन | ३.० मीटर | २.० मीटर | १०००० ब.फी.सम्मका व्यापारिक भवनको लागि |
| ३. | चोकको सेट व्याक | ५.० फीट | न्यूनतम १.५ मीटर | न्यूनतम १.५ मीटर |
| ४. | नदी किनारा<br>क) नारायणी नदि/राप्ती नदि<br>ख) केरुङ्गा घोल (११ र १२ नं. वडा पर्ने)<br>ग) केरुङ्गा घोल (९ नं. वडा पर्ने)<br>घ) केरुङ्गा घोल<br>(८ नं. वडा र साविकका गा.वि.स.मा पर्ने)<br>ङ) पुङ्गी खोला<br>च) लंकु खोला | २५.० मीटर<br>४.० मीटर<br>५.० मीटर<br>६.० मीटर<br>३.० मीटर | (२०७१ को मापदण्ड)<br>३० मीटर<br>१० मीटर (कुलो)<br>१० मीटर<br>१० मीटर<br>१० मीटर | ३० मीटर<br>४.० मीटर<br>५.० मीटर<br>६.० मीटर<br>३.० मीटर<br>४.० मीटर<br>३.० मीटर<br>४.० मीटर |

आज हामी भरतपुर उपमहानगरपालिकाको शहरीकरण तथा व्यवस्थित शहरी विकासको सन्दर्भमा एउटा ऐतिहासिक क्षणमा उभिएका छौं । आज हामीले निर्धारण गर्ने नीतिहरुले नै आजको ५० तथा १०० बर्ष पछिको भरतपुरको स्वरुप, पहिचान, सौन्दर्य तथा विशेषता निर्धारण गर्नेछ । सुधारको थालनी त्यागबाट गर्नु पर्ने दृष्टान्त हामी कसैबाट छिपेको छैन । आज हामीले तर्जुमा गरेको नीतिले सहरमा सानो भएपनि आफ्नै घरको सपना देख्ने कैयौं मध्यमवर्गिय नेपालीहरुलाई चोट पुग्न सक्छ । यस्तै आकांक्षाले खरिद गरिएका कैयौं घडेरीहरुमा घर निर्माण गर्न नमिल्ने पनि हुन सक्छ । यसले विना स्विकृति घर निर्माण गर्न मानिसहरुलाई दुरुत्साहन पनि दिन सक्छ । तर हामीले आफ्नो छिमेकीलाई पर्न जाने समस्याको बारेमा गंभिर भै सहकार्य गऱ्यौं भने, एक आपसमा सहयोग र सदासयताको भावना राख्यौं भने धेरै हद सम्म यस्ता समस्याको निराकरण गर्न सफल हुनेछौं । शिक्षित तथा चेतनशील नागरिकहरुको बसोबास रहेको भरतपुरका आदरणीय वासिन्दाहरु संग म त्यस्तै सहयोगको अपेक्षा राख्दछु ।गलत निर्णयले हामीलाई कहिल्यै पनि सही गन्तव्यमा पुऱ्याउँदैन भन्ने कुरा म यहाँहरुलाई पुनः एकपटक स्मरण गराउन चाहन्छु ।

भूकम्पीय सुरक्षा, शहरी सौन्दर्यीकरण तथा सहज आवागमन एवं व्यवस्थापनलाई केन्द्रविन्दुमा राखी तयार गरिएको प्रस्तुत मापदण्डले निर्देश गरेका कैयौं प्रावधानको कार्यान्वयन चुनौतिपूर्ण भएको तथ्य म यहाँ लुकाउन चाहन्न । मापदण्ड विपरितका घरहरु भत्काउन सकिने प्रावधान, एक प्रयोजनको लागि स्विकृत घर, पुनः स्विकृति लिएर मात्रै प्रयोजन बदल्नु पर्ने प्रावधान, तथा

सार्वजनिक प्रकृतिका तथा सार्वजनिक महत्वका हाल निर्मित तथा संचालित घरहरुले मापदण्डको परिक्षण गर्नु पर्ने तथा असफल भएमा संचालन गर्न नपाउने प्रावधान यसका केही उदाहरणहरु हुन । निरन्तरको सम्बाद, विकल्पको खोजी तथा दीगो सहकार्य मार्फत हामी यस्ता चुनौतिको सामना गर्न सक्षम हुनेछौं भन्ने मेरो बुझाई रहेको छ ।

नेपालका नगरपालिकाहरु संग आज मापदण्ड पालना नगरेका घरहरु तथा स्विकृति नलिई बनाएका घरहरुलाई दण्डीत गर्ने स्पष्ट आधार र दण्डात्मक उपायहरु सीमित छन् । आज तयार भएको नीतिगत मापदण्डको आधारमा भोली कानून परिमार्जन हुँदा यि अधिकारहरु पनि विस्तार हुने नै छन् । मापदण्ड तथा कानून झन झन कसिलो र कार्यान्वयन झन झन प्रभावकारी हुदै जाने नै छ । अतः कुनै पनि आधारमा तथा कुनै पनि तर्कको पछि लागि कानूनले तर्जूमा गरेको विधि र प्रकृया छली, अनुमति तथा स्विकृति नलिई नयाँ निर्माण गर्ने, प्रयोजन परिवर्तन गर्ने लगायतका कार्य नगर्न सवै सरोकारवालाहरुलाई हार्दिक आग्रह गर्न चाहन्छु ।

आज संशोधित मापदण्डको पालना यस उपमहानगरपालिकाको एकल प्रयासबाट मात्रै संभव छैन । यसको प्रभावकारी कार्यान्वयनको लागि यस संग सरोकार राख्ने सरकारी कार्यालयहरु, कानून कार्यान्वयन गर्ने निकायहरु, सार्वजनिक संस्थानहरु, निजी व्यवसायीक संघ संस्था, व्यक्ति तथा समाजको साझा प्रयत्न, अठोट र सहकार्य आवश्यक पर्नेछ । अतः म प्रस्तुत मापदण्डको कार्यान्वयनमा सवै सरोकारवाला व्यक्ति, संस्था, निकाय तथा कार्यालयहरुको गंभिरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु ।

अन्त्यमा, हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने सम्पूर्ण विशिष्ट अतिथिज्यूहरु तथा अन्य अतिथिज्यूहरु प्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी राजनैतिक दलका प्रमुखज्यूहरु, प्रशासनिक निकायका प्रमुखज्यूहरु, गैर सरकारी तथा सामाजिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरु, सञ्चारकर्मी साथीहरु, कर्मचारी मित्रहरु तथा आमन्त्रित सम्पूर्ण अतिथिज्यूहरुलाई यस नगर परिषद्मा सक्रिय सहभागिता जनाई परिषद्को गौरव बढाईदिनु भएकोमा हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्न चाहन्छु । प्रस्तुत विशेष नगरपरिषद्को निर्णय प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक धन्यवाद अर्पण गर्न चाहन्छु । हामी सवैको साझा प्रयासबाट आज हामीले सामूहिक रुपमा तर्जुमा गरेका नीतिहरु भरतपुरको आधुनिकीकरण र समुन्नतिको आधार बन्न सकुन्, यही अपेक्षा, आशा एवं विश्वास व्यक्त गर्दै विदा हुन्छु ।

धन्यवाद्

महेश बराल
(कार्यकारी अधिकृत, भरतपुर उपमहानगरपालिका)

मिति २०७२ भदौ २४ गते, विहीबार ।